सरावल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (सुस्ता पश्चिम-बर्दघाट)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.।२०८१/८२

च.नं.।

मितिः

## आ.व. २०८२/८३ को कवाडी करको ठेक्का बन्दोवस्त सम्बन्धी १५ दिने सूचना।

**(दोश्रो पटक प्रकाशित मितिः २०८२/०५/०६)**

यस गाउँपालिका क्षेत्र भित्रबाट आगामी आ.व. २०८२/८३ मा संकलन भई अन्यत्र निकासी हुने कवाडी माल सामान (सबै किसिमका सिसाजन्य पदार्थहरु, फलाम, तामा, पित्तलजन्य पदार्थहरु, प्लास्टिकजन्य पदार्थहरु, धानको भुससमेत) मा लाग्ने कवाडी कर बढाबढमा संकलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो १५ दिने सूचना प्रकाशन गरिएको छ। कवाडी कर संकलनमा ईच्छुक व्यक्ति वा फर्महरुले तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन अनुरोध छ।

**तपशिलः**

१. कवाडीजन्य पदार्थ उठाउन पाउने क्षेत्रः सरावल गाउँपालिका क्षेत्र भरी
२. न्यूनतम कबोल गर्नुपर्ने रकम रु. ५,२०,००१.०० (अक्षरुपी पाँच लाख बीस हजार एक रुपैया मात्र)
३. शिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५औं दिन (मिति २०८२ भदौ १९ गते) कार्यालय समयभित्र खरिद गर्न सकिनेछ। खरिद भएका फाराम सूचना प्रकाशन भएको १६औं दिनको दिउसो १२:०० बजेभित्र दर्ता गर्नुपर्नेछ। दर्ता भएका फाराम सोही दिन १४:०० बजे यस कार्यालयमा शिलबन्दी दरभाउपत्र पेश गर्ने फर्मका प्रतिनिधीको उपस्थितीमा खोलिनेछ। प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता/प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। शिलबन्दी दरभाउपत्र फाराम खरिद तथा पेश गर्ने दिन सार्वजनिक विदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमशः कोटेशन फाराम खरिद तथा दर्ता गर्ने अन्तिम दिन मानिनेछ।
४. शिलवन्दी दरभाउपत्र फाराममा सम्बन्धित व्यक्तिले अनिवार्य रुपमा दस्तखत र फर्मको हकमा फर्मको छाप समेत लगाई कबोल रकम अंक र अक्षर दुबैमा प्रस्ट रुपमा लेख्नुपर्नेछ।
५. दरभाउपत्र स्वीकृत भई पत्राचार भएको मितिले ७ दिनभित्र सम्झौता गर्नुपर्नेछ। निर्धारित समयमा सम्झौता गर्न नआएमा दोश्रो बढी कबोल गर्ने फर्म वा व्यक्तिसँग सम्झौता गरिनेछ।
६. सम्झौता भएको मितिदेखी २०८३ असार मसान्त सम्म कवाडी संकलन तथा निकासी गर्न सकिनेछ।
७. कबोल गरेको सम्पुर्ण रकम ठेक्का सम्झौताको बखत कार्यालयको राष्ट्रीय वाणिज्य बैंक परासी शाखामा रहेको ग.१.१ आन्तरिक राजश्व खाता (खाता नं. ३१००१००३०१०१०००३) मा वा स्थानीय राजश्व पोर्टलमा दाखिला गरी सक्कल भौचर पेश गर्नुपर्नेछ।
८. शिलबन्दी दरभाउपत्र फाराम पेश गर्दा व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्र र फर्मको हकमा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी, पान दर्ता प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ।
९. थप जानकारीको लागि यस कार्यालयको फोन नं ९८५७०४६२६६ मा सम्पर्क गर्न सकिनेछ।

बिशाल मिश्रा
प्रमुख प्रशासकीय अधिकृत